गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्की

पोखरा, नेपाल

प.सं.:- २०८३/२०८४

च.नं.:-

अत्यन्त जरुरी सूचना

विषय: लिखित परीक्षा तथा आवेदन दर्ता स्थगित सम्बन्धमा ।

मिति:- २०८३/०४/०३

प्रस्तुत विषयमा यातायात व्यवस्था विभागको केन्द्रिय सर्भर प्रणाली (EDLVRS) यहि मिति २०८३ साउन १ गतेबाट नयाँ प्रणालीमा जाने सम्बन्धमा भएको निर्णय बमोजिम मिति २०८३ साउन १ गतेबाट यातायात व्यवस्था विभागबाट पुरानो प्रणाली बन्द भएको छ । यसबाट पुरानो प्रणालीबाट आवेदन लिइ लिखित तथा प्रयोगात्मक परीक्षा Scheduled भईसकेको तथा असार २९ गतेदेखि ३२ गतेसम्म लिइएका लिखित परीक्षाको नतिजा प्रविष्टी भएको तर त्यसको रिपोर्ट निकाल्न एवम् सो बमोजिम ट्रायल सेड्युल गर्न बाँकी रहेको तथा साउन ४ गतेलाई तय भएको वर्ग B को लिखित परीक्षाको हाजिरी तथा चेकलिष्ट समेत निकाल्न नसकिएको हुँदा प्रकृयामा रहेका कार्यहरु अवरुद्ध हुन पुगेका छन । नयाँ प्रणालीले समेत पूर्ण कार्यगत रुप पाइनसकेको हुँदा अर्को सूचना जारी नहुँदा सम्मका लागि यस कार्यालयबाट प्रवाह हुने देहायबमोजिमका सेवाहरु अनिश्चितकालका लागि स्थगित गरिएको बेहारा अनुरोध छ ।

स्थगित हुने सेवाहरु:

मिति २०८३ साउन ४ गतेका लागि निर्धारित वर्ग B को लिखित परीक्षा

पुरानो आवेदन पोर्टलबाट नयाँ लाइसेन्स तथा वर्ग थपको आवेदन दिई मिति २०८३ साउन ४ देखि ८ गतेसम्मका लागि कार्यालय सम्पर्क मिति (Office Visit Date) पाउनुभएका सेवाग्राहीको आवेदन दर्ता तथा मेडिकल

(यसबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति कार्यालय क्षमाप्रार्थी छ ।)

पुनश्चः मिति २०८३ असार २९, ३० र ३१ गते रिट्रायलको राजश्व तिर्नुभएका सेवाग्राहीको ट्रायल परीक्षा हुने मिति तथा मिति २०८३ असार २९ गतेदेखि साउन १ गतेसम्म लिइएका लिखित परीक्षाको नतिजा तथा सोको ट्रायल परीक्षा सूचना एवम् यस अगाडि ट्रायल परीक्षा पास भएर राजश्व तिर्न बाँकी रहेका सेवाग्राहीको लागि समेत प्रणालीगत समस्या समाधान भएपछि कार्यालयको आधिकारिक वेभसाइट https://tmolkaski.gandaki.gov.np/ मा सूचना प्रकाशित हुनेछ । माथि उल्लिखित बमोजिम स्थगित भएका सेवाहरु सञ्चालन सम्बन्धमा समेत पछि वेभसाइटमा प्रकाशित हुने सूचना बमोजिम हुने बेहोरा अनुरोध छ ।

साथै अब २०८३ साउन १ गते पछाडिको मितिदेखि लाइसेन्स नवीकरण, राजश्व तिर्ने तथा नयाँ था वर्ग थपको लागि आवेदन भर्ने लगायतका सेवाहरु नयाँ प्रणालीमार्फत हुने भएकोले यसका लागि कार्यालय आउनु नपर्ने गरी सेवा प्रवाहको तयारी गरिएको बेहोरा समेत अनुरोध छ ।

२०८३/०४/०३

का. कार्यालय प्रमुख

बोधार्थ:

श्री यातायात व्यवस्था विभाग, मिनभवन काठमाण्डौ (समस्या समाधानका लागि आवश्यक सहयोग र समन्वयार्थ)

श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा (आवश्यक समन्वय गरिदिनुहुन)